स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री अरुणिमा लम्सालले दोस्रो विवाह गरेकी छन् । उनले सोमबार बत्तीसपुतलीमा रहेको राम मन्दिरमा धरान निवासी युवराज श्रेष्ठसँग लगनगाँठो कसेकी हुन् । उनीहरुको विवाहमा दुवै पक्षका सीमित परिवारको मात्र उपस्थिति थियो । अरुणिमा बिहेकै लागि केही हप्ताअघि अमेरिकाबाट आमाको साथमा नेपाल आएकी थिइन्। युवराजसँग उनको मागी विवाह भएको जानकारी प्राप्त छ ।

**आजको विचार...**



निर्मल श्रेष्ठ

यलदेखि... *(दुई पेजमा)*

लक्ष्मण सुनारको निर्देशित फिल्म 'बुलाकी' शुक्रबारदेखि रिलिजमा आएको छ। फिल्मका निर्माता तथा कलाकार विराज विष्टले शनिबार काठमाडौं र मोफसलका हलमा फिल्मले राम्रो दर्शक पाएको बताए। सोमबार देशभर र मंगलबार काठमाडौंमा सार्वजनिक बिदा भएकाले पनि फिल्मले अबको दिनमा झन् राम्रो व्यवसाय गर्न सक्ने अनुमान विष्टले लगाए। फिल्ममा सुरक्षा पन्त, विराज बिष्ट र नरेन खड्का मुख्य भूमिकामा छन्। फिल्मको विशेष शोमा पनि यसले फिल्मीकर्मीको राम्रो प्रशंसा बटुलेको थियो।



❒ वर्ष ३० ❒ अंक ३६ ❒ २०८१ भदौ ५ गते बुधबार 21 August 2024, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### टिकटक खुलाउने तयारी

**पाल्पा,** भदौं ४/नेपालमा सरकारले सामाजिक सञ्जाल टिकटकमाथिको प्रतिबन्ध खोल्ने तयारी गरेको छ । चिनियाँ पक्षले पटक-पटक टिकटक प्रतिबन्धबारे प्रश्न गरिरहे पछि सरकार प्रतिबन्ध खोल्ने गृहकार्यमा लागेको हो ।

प्रधानमन्त्री केपी शर्मा ओलीले मातहतका निकायलाई टिकटक खोल्न निर्देशन दिइसकेको प्रधानमन्त्री कार्यालय स्रोतले जानकारी दिएको छ । केही दिनमै टिकटक खुल्ने बताइएको छ । तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारले २३ कात्तिक २०८० मा सामाजिक सञ्जाल नियमिन निर्देशिका ल्याएर सामाजिक सञ्जालहरुले नेपालमा दर्ता भएर सम्पर्क विन्दु राख्नुपर्ने सहितका व्यवस्था गरेको थियो । लगत्तै २७ कात्तिकमा सामाजिक द्वेष फैलाएको र सामाजिक मर्यादा बिथोलेको भन्दै मन्त्रिपरिषद् बैठकले टिकटक बन्द गर्ने निर्णय गरेको थियो ।

टिकटक प्रतिबन्धपछि दाहालको आलोचना भएपछि उनले एमाले अध्यक्ष केपी शर्मा ओली समेतको सहमतिमा बन्द गरिएको बताएका थिए । उनले टिकटक प्रतिबन्धमा काँग्रेस सभापति शेरबहादुर देउवाको पनि सहमति रहेको बताएका थिए । दाहाल नेतृत्वको सरकारले सामाजिक सदभाव बिथोल्ने गरी पारिवारिक संरचना र सामाजिक सम्बन्धलाई खलबल्याउने गरी प्रचारप्रसार हुन थालेको भन्दै सरकारले टिकटकमाथि प्रतिबन्ध लगाएको बताएको थियो ।

# दिवंगत आफन्तको सम्झनामा 'गाईजात्रा'

## *मृत व्यक्तिको आत्माले यमलोक जाँदा बाटोमा पर्ने वैतरणी नदी सजिलै तर्छन् र मोक्ष मिल्छ भन्ने धार्मिक विश्वासका साथ गाईजात्रा मनाइन्छ ।*

**सीमा भट्टराई**

**पाल्पा,** भदौ ४/दिवङ्गत आफन्तको आत्माको शान्तिको कामना गर्दै मगलबार गाईजात्रा पर्व मनाइएको छ । एक वर्षभित्र दिवङ्गत भएका आफन्तको सम्झनामा निकालिने गाइँजात्रा पर्व पाल्पासहित देशैभरका नेवार समुदायले मनाएका छन् ।

पाल्पाको तानसेनमा दिवङ्गत आफन्तको सम्झनामा परिवारका मानिसको सहभागितामा गाई र मानिसलाई शृङ्गारी बजार परिक्रमा गराइएको थियो । तानसेनका टोल-टोलबाट दिवंगत भएका आफन्तको नाममा गाईको अनुहार र गणेशको चित्र अंकित गाई बनाएर नगर परिक्रमा गराइएको थियो । यसो गर्दा मृत व्यक्तिको आत्माले यमलोक जाँदा बाटोमा पर्ने वैतरणी नदी सजिलै तर्छन् र मोक्ष मिल्छ भन्ने धार्मिक विश्वासका साथ यसो गराइएको हो ।

विगतमा मृतकका घर घरबाट तानसेनका टोल-टोल गल्लीबाट, गाईजात्रा निकाल्ने परम्परा रहेता पनि पछिल्ला केही वर्ष यता भने निकै कम भएको पाइन्छ । सहभागीता कम भए पनि नेवार समुदायले जात्रालाई बर्सेनि निरन्तरता भने दिएका छन् । तानसेनको शित्तलपाटी, बसपार्क, आन्दोलनचोक, पेट्रोल पम्प, टक्सारटोल, पाल्पा दरबार परिसर वरपर गाईजात्रा ल्याउने र हेर्नेको निकै भीडभाड हुँदै आए पनि हिजोआज भने त्यस्तो भिड देखिदैनन् । यस वर्ष पनि तानसेनमा खासै भिड देखिएन । विगतमा तानसेन बजारमा सयौं गाईजात्रा हुँदै आए पनि यस वर्ष करिब एक दर्जन भन्दा कम गाईजात्रा निकालिएको छ । नेवार समुदायले आफ्ना दिवंगत परिवारका सदस्यको सम्झनामा गाईजात्रा निकाल्ने परम्परा रहेको भएपनि अधिकांश नेवारी समुदाय तानसेनबाट विस्थापित हुँदै जाँदा संस्कृति पनि हराउँदै गएको तानसेन टक्सारका मंगल प्रसाद बज्राचार्यले बताए । तानसेनमा काठमाडौं उपत्यकापछि सबै भन्दा बढी जात्रा मनाइने क्षेत्र हो । तानसेनमा गाईजात्राबाट सुरु भएर कृष्ण नवमीको दिन भगवती जात्रा निकालेपछि मात्र समापन हुन्छ । गाई जात्राको दिन तानसेन नगर सरकारले स्थानीय बिदा दिएको थियो । विदाको दिन नगर कार्यपालिकाको कार्यालयसहित मातहतको सबै वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालयसहित अत्यावश्यक बाहेकका सबै कार्यालय बन्द रहेका थिए । जिल्लाको तानसेन, रामपुर, भैरवस्थान, खस्यौली, ताहुँ, जब्बादी, सिलुवा, हुमीन लगायतका ठाउँहरुमा गाइ जात्रा निकालिएको थियो । उता गुल्मीमा पनि नेवार समुदायले गाईजात्रा मनाएका छन् । गुल्मीको सदरमुकाम तम्घासमा यो वर्ष भरि दिवंगत भएका २ जना व्यक्तिहरुको सम्झनामा गाईजात्रा निकालिएको थियो । परम्परागत रुपमा निकालिएको गाईजात्रा तम्घास बजार परिक्रमण गराइएको थियो । जिल्ला सदरमुका तम्घाससँगै रुरुक्षेत्र गाउँपालिका-१ रिडी, बलेटक्सार, मुसिकोट नगरपालिकाको वामिटक्सार, सत्यवती गाउँपालिकाको खैरेनी, गुल्मीदबारको चारपाला लगायतका स्थानमा नेवार समुदायका नागरिकको बसोवास रहेको छ । जिल्लाको रुरुक्षेत्र गाउँपालिकाले गाईजात्रा पर्वको अवसरमा स्थानीय बिदासमेत दिएको थियो । नेवारी परम्परा अनुसार जनैपुणिर्माको भोलिपल्ट गाइजात्रा पर्व मनाउने गरिन्छ । गाई वा मानिसलाई गाईका रूपमा सिँगारी आ-आफ्ना क्षेत्रमा परिक्रमा गराउने र उनीहरूलाई श्रद्धालुद्वारा दूध, फलफूल, रोटी, चिउरा, दहीका साथै अन्न र द्रव्य दान दिने चलन छ । राजा प्रताप मल्लले पुत्रशोकले विह्वल भएकी आफ्नी रानीलाई दुनियाँले पनि यस्तै शोक बेहोर्नुपर्छ भन्ने देखाउन 'जनतालाई आ-आफ्नो घरका मरेका व्यक्तिका नाममा गाईजात्रा निकाली सहर परिक्रमा गराउनू' भनी आज्ञा दिएका आधारमा यो पर्व सुरु भएको ऐतिहासिक तथ्य छ ।



# परम्परागत खेती छाडेर कफीखेतीतर्फ

गुल्मी, भदौ ४/गुल्मी सिर्सेनीका किसान यतिबेला परम्परागत रुपमा गर्दै आएको खेती छाडेर कफीखेतीमा लागेका छन् । जिल्लाको मदाने गाउँपालिका-३ अन्तर्गत सिर्सेनीस्थित तोरेटाका किसानको बारी यतिबेला कफीको बगैंचा बनेको छ । त्यहाँका किसान परम्परागत रुपमा उत्पादन गर्दै आएको मकै र कोदोखेतीलाई छाडेर व्यावसायिक रुपमा कफीखेतीमा लागेका हुन् ।

कफीखेतीबाट बाँदर, बँदेलजस्ता वन्यजन्तुको समस्या नहुने भएका कारण किसानको रोजाइ मकै र कोदोभन्दा कफीखेतीमा परेको हो । प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइले किसानलाई व्यावसायिक रुपमा कफीखेती गर्न प्रेरित गर्दै आएको छ । परियोजनाले किसानलाई कफीको उत्पादन गर्ने तरिका र त्यसको महत्व तथा फाइदाका बारेमा जानकारी गराउँदै कफीखेतीका लागि बिरुवा, मल, नेटजालीलगायत सामग्री उपलब्ध गराउन थालेपछि त्यहाँका किसानलाई कफीखेती गर्न थप सजिलो भएको छ । मकै कोदोजस्ता परम्परागत खेती गर्दै आएका किसानका लागि कफीखेतीले थप



आशा जगाएको छ । परम्परागत खेतीबाट बाँदर, बँदेल, दुम्सी तथा चराचुङ्गीबाट खेती जोगाउन हैरानी खेप्दै आइरहेको अवस्थामा कफीखेती त्यहाँका किसानका लागि उपयुक्त खेती बनेको हो । कफी खेतीका लागि सिर्सेनीमा ३० घरधुरी मिलेर तीनधारे कफी उत्पादन कृषक समूह गठन गरेका छन् । चार वर्षअघि गठन भएको उक्त समूहमार्फत सिर्सेनीका प्रत्येक घरधुरीमा व्यावसायिक रुपमा कफीखेती सुरु गरिएको छ । त्यहाँका प्रत्येक किसानको बारीमा ५० देखि दुई हजारसम्म कफीका बोट छन् । चार वर्षअघि रोपेका बोटले फल दिन सुरु गरिसकेको सिर्सेनी टोरेटाका किसान मेघलाल अर्यालले बताए ।

अर्याल त्यस क्षेत्रमा सबैभन्दा धेरै कफी लगाउने किसान हुन् । अर्यालको बारीमा यतिबेला दुई हजार भन्दा बढी कफीका बोट छन् । लगाएका बोटमध्ये कतिपय कफीका बोटले आम्दानी दिन सुरु गरेको उनले बताए । 'विगतमा मकै र कोदो रोप्दै आएका बारी अहिले सबै कफीले ढपक्क ढाकेको छ', उनले भने, 'दश रोपनी जग्गामा सबै कफी लगाएको छु, मैले कफी लगाएपछि अरू किसानलाई पनि उत्प्रेरणा जागेको छ ।' अर्याल जस्तै अर्का कफी कृषक शशिधर अर्यालले पनि अन्य खेतीको तुलनामा कफीखेतीले किसानमा नयाँ आशा जगाएको बताए । प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण परियोजनाका प्रमुख गंगाकुमारी पोखेलले व्यावसायिक रुपमा कफीखेतीको विस्तारका लागि कार्यालयका तर्फबाट किसानलाई बिरुवा, मल, सिँचाइ, छहारी व्यवस्थापन, नेटजालीलगायत सामग्रीका लागि अनुदान उपलब्ध गराउँदै आएको बताइन् । किसानलाई कफी पाठशालामार्फत समय-समयमा प्राविधिक ज्ञान उपलब्ध गराउने गरेको पोखेलले जानकारी दिइन् । जिल्लामा कफीखेतीमा किसानको आकर्षण बढे पनि समय-समयमा कफीमा देखिने गरेको सेतो गबारो, ढुसी, डढुवा आदिका कारण कफीका बोटमा क्षति पुग्ने गरेको किसानको गुनासो छ । कफी उत्पत्तिको जननी जिल्ला भनेर चिनिने गुल्मीमा अहिले दुई सय ४१ हेक्टर क्षेत्रफलमा कफीखेती गरिँदै आएको छ । जिल्लामा कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण परियोजना, कफी विकास केन्द्र आँपचौर, कफी अनुषन्धान केन्द्र भण्डारीडाँडा, स्थानीय तहलगायत कार्यालयले कफीखेतीको क्षेत्रमा काम गर्दै आइरहेका छन् । *- रासस*

**पानीका स्रोत तथा वितरण प्रणाली सफा राखौं**

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं,
- स्रोतमा बाढी, धमिलो तथा बर्षातको पानी छिर्न नदिऔं,
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं,
- पानीको मूल, प्रशोधन यन्त्र तथा भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौं,
- घर तथा सार्वजनिक स्थलका पानी ट्याङ्की, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा नियमित सफा गरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## चाडपर्वले दिने सन्देश

हरेक जाति, धर्म र सम्प्रदायको आ–आफ्नै सांस्कृतिक सम्पत्ति छ, जो विभिन्न चाडपर्वको रूपमा नेपाली समाजमा चलन चल्तीमा रहेका छन् । हिमाल, पहाड, तराई, पूर्व–पश्चिम सबै ठाउँमा आ–आफ्नै मूल्य–मान्यता र रीतिरिवाजअनुसार चाडपर्व मनाउने गरिन्छ । नेपालमा मनाउने चाडपर्वहरू अनगिन्ती छन् । ती सबै नेपाल र नेपालीको चिनारी र पहिचान हुन् । हाम्रो सामाजिक विविधतालाई यिनै चाडपर्वले एकतामा रूपान्तरण गरेको छ । हिन्दु धर्मको बहुलता रहेको नेपालमा हरेक दिनजसो कुनै न कुनै पर्व परिरहेकै हुन्छन् । नेपालमा वर्षभरिका धेरै दिन प्रायः कुनै न कुनै धर्म–संस्कृतिले रंगिएका पर्व, उत्सव अनि यसभित्रका खुसी र उमंगका दिनहरू नै पर्छन् । यस वर्षका पर्वहरु सुरु भएका छन् । सोमबार जनै पूर्णिमा पर्व मनाइएको छ । सनातन धर्मावलम्बीहरुले धारा, नदी, ताल, पोखरीमा गएर स्नान गरी गुरु पुरोहितबाट नवयज्ञोपवीत एवं रक्षासूत्र धारण गरी यो मनाइएको हो । तराई क्षेत्रमा दिदीबहिनीले दाजुभाइलाई राखी बाँधेर यो पर्व मनाए । यसै दिन एघार थरीका गेडागुडी भिजाएर टुसा उमारी बनाइएको क्वाँटी खाने चलन पनि छ । यस दिन वैदिक मन्त्रद्वारा अभिमन्त्रित रक्षासूत्र हातमा बाँधेमा नकारात्मक शक्तिबाट रक्षा हुने मान्यता रहिआएको छ । क्वाँटी खानले वर्षामा खेतीपातीको काम गर्दा शरीरमा लागेको चिसो निकाली तापशक्तिको सञ्चार गर्छ र निरोगी बनाउन मद्दत गर्छ भन्ने मान्यता छ ।

त्यस्तै मंगलबार गाईजात्रा पर्व मनाइएको छ । पाल्पासहित देशैभर विभिन्न स्थानमा गाईजात्रा मनाइँयो । गाइजात्रा नेवार समुदायले मनाउने महत्वपूर्ण पर्व हो । यो दिन वर्षभरि दिवंगत भएका आफन्तको नाममा गाईको अनुहार र गणेशको चित्र अंकित गाई बनाएर शहर परिक्रमा गर्ने चलन छ । यसो गर्दा मृतात्माले यमलोक जाँदा बाटोमा पर्ने बैतरणी नदी सजिलै तर्छन् र मोक्ष मिल्छ भन्ने धार्मिक विश्वास छ । यस्तै आज बुधबार रोपाइँ जात्रा हो । असारमा धानको रोपाइँ गरी सकेपछि यो पर्व मनाइन्छ । यो नेवार संस्कृतिबाट सुरू भएको हो । धान रोप्ने काम सकिएको खुशीयालीमा यो जात्रा मनाइन्छ । यो जात्रामा रोपाइँ जात्रा मनाउने चलन मल्लकालबाट चलिआएको हो । उतिखेरको समृद्ध राज्यहरूमा कृषिलाई विशेष प्राथमिकता दिँदै राजा प्रताप मल्लले रोपाइँ जात्राको सुरुवात गरेको मानिन्छ । जुनसुकै समाजको सांस्कृतिक जीवनमा चाडपर्व एक प्रमुख अंगका रूपमा क्रियाशील छ । चाडपर्वलाई सामाजिक, धार्मिक, सांस्कृतिक र मानव स्वास्थ्य रक्षाका दृष्टिले हेर्न सकिन्छ । प्रायः चाडपर्व एकातिर प्रकृतिसँग तादम्यता राख्छन् भने अर्कोतिर परस्पर सद्भाव, सम्मान र सहिष्णुतालाई आत्मसात् गरेको देखिन्छ । यसर्थ चाडपर्व मनाउनुको पछाडी केहीन केही विशिष्ट अर्थ, सन्देश र अन्तर्निहित उद्देश्य रहेका छन् ।

### Opinion @ Social Network


धेरै इच्छा पनि राखेको छैन जिन्दगीमा बस अघिल्लो
कदम पछिल्लो भन्दा अलि खास होस् ।
*(सिता रानाको फेसबुक स्टाटसबाट www.facebook.com/rana.sita)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# यलदेखि तानसेनसम्म मतयाको यात्रा



**निर्मल श्रेष्ठ**

**थालनी**

ढोकाको खापामा ढकढकको आवाजले यस पंक्तिकारको लेखनमा क्रमभङ्ग हुन गयो । ढोका खोल्नतिर लागें । ढोका खोलेपछि ढोकाको सामुन्ने मंगल दाइ ( मंगलप्रसाद बज्राचार्य, टक्सार टोल) ठिङ्ग उभिरहनु भएको थियो । आउँदो २०८१ साल भाद्र ५ गतेका दिन परम्परादेखि चलिआएको मतया (दीप महोत्सव) र २०८१ साल भाद्र ७ गतेका दिन श्री ७ सूर्य विनायक गणेश मन्दिर परिसरमा हुन गई रहेको लक्ष्यबत्ती दीप प्रज्ज्वन कार्यक्रमको निम्तो दिन आउनु भएको रहेछ । अभिवादन आदान-प्रदान पछि एउटा पहेलो रङ्गको निम्तो कार्ड दिनु हुँदै, आउनु होला है ! भन्नु भयो । चौरासी बसन्त पार गरिसक्नु भएका मंगल दाइ अहिले पनि युवा जत्तिकै जाँगरिला र जुझारु हुनु हुन्छ । उहाँ धार्मिक कार्यमा, दाफा भजनमा, जात्राहरुमा भेटिनु हुन्छ । भाद्र कृष्ण द्वितीयाको दिन गाई जात्रा (सापारु)को भोलिपल्ट परम्परादेखि तानसेनमा प्रचलनमा रहेको मताया (दीप यात्रा), चार दशकदेखि सुस्ताएको थियो । तर श्री ७ सूर्य विनायक मन्दिर दाफा: भजन खल:, टक्सारको आयोजनामा यस वर्ष सांस्कृतिक चाडपर्व मतया (दीप यात्रा) लाई मनाउने कुराले यस पंक्तिकारलाई खुसी लाग्नुका साथै नयाँ पुस्ताको जानकारीको लागि यस विषयमा केही लेखु लेखु भन्ने चौ चौ पैदा गरिदियो ।

**पृष्ठभूमि**

हाम्रा प्राचीन धर्म, इतिहास, संस्कृति एवं जीवनका विभिन्न धरोहरहरुबारे यथार्थ जानकारी प्राप्त गर्नको लागि हामी कहाँ प्रचलित चाडपर्वहरुको अध्ययन एवं अनुसन्धान हुनु आवश्यक छ । किन भने चाडपर्वहरु विगतका विस्मृत इतिहास, संस्कृति आदिको ऐना हुन् । ऐना नहेरी हामी आफू स्वयम् नचिनिने भए जस्तै हाम्रा विगतका विस्मृत फाँटहरुको जानकारी हामीलाई चाडपर्वसँगको स्पर्श बिना संभव हुँदैन । हाम्रा चाडपर्वहरु रहस्यमय, रंगीन र रमाइला छन् । साथै प्राचीन परम्परा र संस्कार, आख्यानक, धार्मिक एवम् ऐतिहासिक पृष्ठभूमिसँग घुलन भएका अनुष्ठानहरु तथा प्रमोदक उपाख्यान र लोक कथाहरु सम्पत्तिको रुपमा रहेका छन् । विभिन्न चाडपर्वहरुमा प्रत्येक वर्ष भाद्र कृष्ण द्वितीयाको दिन गाईजात्रा ( सापारु)को भोलिपल्ट पाटन (ललितपुर) शहरमा मनाइने एउटा पिकुलर चाडपर्व मतया (दीपयात्रा) हो ।

**मतया के हो ?**

मुखसुखले 'मतिया', 'मत्या' भनिने यस मतया: (दीप यात्रा)लाई नेपाल भाषामा मत विया: (इता: च्याका:) वइगु जात्रा याने नेपाली भाषामा मतयाको शाब्दिक अर्थ दीप यात्रा हो । यसरी नै अँग्रेजी भाषामा 'Mata-ya' लाई 'Festival या Lamps' भन्ने गरिन्छ । मतया(दीप यात्रा) लाई लिपिमा लेख्दा नेपाल भाषामा 'मतया', 'मतया:' लेख्ने गरिन्छ भने अँग्रेजी भाषामा 'Matayata', 'Mata-ya' लेख्ने गरिन्छ । यो मतया (दीप यात्रा)को नाम किन मतया (दीप यात्रा) रहन गयो भन्ने सन्दर्भमा मतया (दीप यात्रा) मा जाने सबै सहभागीहरुले आफ्नो हात हातमा बत्ती बोकेर जाने भएकोले मतया (दीप यात्रा) रहन गएको हो । मतया (दीप यात्रा)लाई 'नेकू (न्यकू) यात्रा' वा 'श्रृङ्ग भेरी यात्रा' पनि भन्ने गरिन्छ ।

**मतया (दीप यात्रा) को प्रारम्भ**

मतया (दीपयात्रा) लिच्छवि बालार्चन देवको पालादेखि प्रचलनमा आएको भन्ने जनश्रुति रहेको छ । नेपालमा खास गरी पाटन (ललितपुर)मै सीमित यस मतया (दीप यात्रा)को प्रारम्भ कहिलेदेखि चालिआएको भन्ने सन्दर्भको यकिन गर्न नसकेता पनि नेपाल संवत् ७९३ को एक धर:पौमा मतयाको उल्लेख भएकोले मतया (दीपयात्रा)को प्रारम्भ १७ औं शताब्दीको उत्तरार्द्धतिर भएको संस्कृतिविद हरिराम जोशीको भनाई रहेको छ । तर डनेल राईटले आफ्नो पुस्तकमा मतया (दीप यात्रा)को शुरुवात ठकुरीवंशका राजा शंकर देवका सन्तान गुण काम देवले मतया र श्रृङ्गभेरी जात्राको शुरुवात गरेको उल्लेख गरेका छन् । डनेल राईटको यस कुरालाई तारिफ गर्दै सत्यमोहन जोशीले आफ्नो पुस्तकमा मतया (दीपयात्रा) को विषयमा थप अध्ययन र अनुसन्धान गर्न सुझाएका छन् । डनेल राईटको यस कुरालाई तथ्यपूर्ण मान्दै लुसिनो पेटेकाले पनि गुण काम देवको शासनकाल (ई.सं.९४२-१००८)मा त्यसबेला (ई.सं.१०००) देखि यल ( ललितपुर) मा मतया: र न्यकू जात्रा संस्थागत रुपमा संचालन भएको बताएका छन् ।

**मतया (दीप यात्रा)को धारणा**

मतया (दीप यात्रा) को उत्पत्तिको विषयमा दुईवटा मत (धारणा)हरु पाइन्छन् । पहिलो मत (धारणा) अनुसार ब्रह्मलीन भएका आत्माको चीर शान्तिको कामना गरी मनाउने मतया (दीप यात्रा)लाई लिने गरिएको छ । यस मत ( धारणा)को ज्यापुहरुले दह्रो रुपमा बोक्ने गर्दछन् भने अर्को मत (धारणा) उच्च वर्गले फरक ढङ्गले विश्लेषण गरेको पाइन्छ । उक्त मत (धारणा) अनुसार बौद्धधर्मालम्बिहरुले यस पर्वलाई बुद्धले बोधिज्ञान प्राप्त गर्नुभन्दा अगाडि उनको ध्यान (तपस्या)लाई भङ्ग गर्न मार असफल भई परास्त भएको उपलक्ष्यमा मनाउने विजयको प्रतीक, 'विजय पर्व'को रुपमा लिने गर्दछन् ।

**यसको प्रकृति**

मतया (दीपयात्रा)को लागि बाल्ने बत्ती आफ्नै हातले कातिएको हुन्छ । उक्त बत्ती कपासबाट तयार भएका पाँच-पाँच वटा बत्ती एकसाथ राखेर त्यसमा शुद्ध तोरीको तेलले भिजाउने गरिन्छ । त्यही बत्ती चढाई, बालेर परिक्रमा गर्ने गरिन्छ । बीज नभएको स्वच्छ कपास, करुणाको प्रतीक हो भने तेलमा मुछेर बालेको बत्तीको किरण पञ्च-स्कन्ध (बौद्ध दर्शनअनुसार रुप, वेदना, संज्ञा, विज्ञान र संस्कार), यी पाँच गुणहरुको समुदाय तथा पञ्च-महाभूत (पृथ्वी, जल, तेज, वायु र आकाश)को संयोग सूक्ष्माति सूक्ष्म जीवाणुको संस्कारद्वारा एक अर्का समावेश भएर अनेकतामा परिणत भएको स्वप्नवत् संसारको अज्ञान, अन्धकार निर्मूल गर्ने सर्वधर्म शून्यता ज्ञान नै ज्ञान ज्योतिको रुपमा लिने गरिन्छ । मतया (दीप यात्रा) गर्न जानेहरु विहानदेखि आ-आफ्नो घर आँगन सफासुग्घर गरी नुहाई धुवाई गरी पवित्र भई आफ्नो परम्परागत भेषभुषा लगाई हात हातमा धूप-बत्ती र अनेक फलफूलसहित मिठाई लिई ७०० चैत्य र विहारहरुको परिक्रम गर्ने गर्दछन् । विहान आयोजना हुने मतया (दीप यात्रा) को समापन पछि दिउँसो 'नेकू यात्रा' अर्थात् 'श्रृङ्ग भेरी यात्रा'को प्रारम्भ ललितपुर दरवार अगाडिबाट हुने गर्दछ । त्यसबेला धा:बाजा समेत गरी १८ किसिमका धा: बाजा, धिमे, नाय्खी, कोचाखी, मग:खी, नगरा, ढोलक, मृदङ्ग, झ्याक्री बाजा, दह, या बाजा, खंजरी, डव डव, दमरु, दमी खी, नैकू, टिक र्ती र पय:ता खी बाजाहरु बजाउने गरिन्छ । यी सबै बाजाहरुको नेतृत्व धा बाजाले गर्ने गर्दछ । विशेष गरी पाटन (ललितपुर)मा मनाइने मतया अर्थात् बत्तीको चाड गाई जात्रा (सापारु)को भोली पल्ट हुने यस मतया (दीप यात्रा)मा जानेहरुको समूह शहरको सयौं चैत्यहरुमा गएर पूजाआजा गर्ने गर्दछन् । यस मतयामा कट्टर बुद्धिस्टहरु (बज्राचार्य र शाक्य) लगायत ज्यापुहरुले भाग लिने गर्दछन् । विभिन्न प्रकारका परिधानमा सजिएर पाउमा छुनछुन आवाज आउने नूपुर (पाउजेव) लगाएर डफा का ड्फा बाँधेर मतयामा सहभागी हुने गर्दछन् । कसै कसैले रसिक मजाक पनि गर्ने प्रचलन छ । कोही कोहीले राक्षसको मुखौटा लगाएर गौतम बुद्धको ध्यान (तपस्या)लाई दखल गर्ने मारको अभिनय गर्ने पनि गर्दछन् । यस मतया (दीप यात्रा) मा धेरै जसो महिलाहरुको सहभागी हुने गर्दछ । तिनीहरुले बलिरहेको बत्ती लिएका हुन्छन् । यें (काठमाडौं) मा कुनै परिवार सदस्यको मृत्यु भएको स्मृतिमा समर्पण गरिने मता-वियु-वनेगु को प्रचलन रहेको छ । यस मता-वियु-वनेगु लाई मतया (दीप यात्रा)को प्रतिरुप (counterpart) को रुपमा लिने गर्दछन् । काठमाडौंमा मनाइने मता-वियु-वनेगु, र पाटनमा मनाइने मतया ( दीप यात्रा) को ढाँचामा फरक देखिन्छ । पाटनमा मनाइने मतया (दीप यात्रा) मा महिलाहरुले हात हातमा बत्ती बालेर हिड्ने गर्दछन् भने काठमाडौंको मता-वियु-वनेगु मा माटोको पालामा बत्ती बालेर हिड्ने गर्दछन् ।

**तानसेनमा मतया (दीप यात्रा)**

तानसेनमा मतया (दीप यात्रा) हुन्छ भन्दा काठमाडौं खाल्डो, खास गरी पाटनका जानेबुझेकाहरुलाई अचम्म लाग्ने सक्दछ । किन भने आजसम्म मतया (दीप यात्रा) पाटन (ललितपुर) मा मात्र हुन्छ भनेर लेखिएको साहित्य मात्र पाइन्छन् । प्रकाशित साहित्यहरुको आधारमा आजसम्म मतया (दीप यात्रा)को स्वामित्व पाटन (ललितपुर)ले नै लिदै आएको छ । तर पाल्पाको सदरमुकाम तानसेनमा परम्परादेखि मतया (दीप यात्रा)को प्रचलन चलिआएको छ । हुन् ता तानसेनमा चार दशकदेखि मतया ( दीप यात्रा) को प्रचलन खुम्चिएको छ । तर यस वर्ष मतया (दीप यात्रा) ले नयाँ सज-धजका साथ सांस्कृतिक नगर तानसेनमा आयोजना हुन गई रहेको छ । तानसेनमा कहिले र कसरी मतया (दीप यात्रा) प्रारम्भ भयो भन्ने सन्दर्भमा इतिहासतिर फर्कनु पर्ने हुन्छ । नेपाल-अँगेजयुद्ध (वि.सं.१८७१-७२)मा समर सौन्दर्यका नायक कर्णेल उजीरसिंह थापाको नेतृत्वमा गएको ढाक्रे, जागिरे, थरघर र नेपाली सेनाले ब्रिटिश साम्राज्यको इकोनोमिक इन्जिनको रुपमा रहेको ईष्ट इण्डिया कम्पनीको फौजलाई दुई पटक परास्त गरी नेपालको पक्षमा विजयश्री हासिल गरेको थियो । लडाइँ खेल्न जानु अघि यदि समरभूमिमा विजयश्री हासिल भयो भने भव्य निर्माण गरी महिषासुरमर्दिनी भगवती माईको चारैचौरास महिमा फैलाउने छु भनि कर्णेल उजीरसिंह थापाले भाकल गरेका थिए । सोही भाकल बमोजिम भव्य मन्दिर निर्माण गरी अष्टधातुले बनेको अठारवाहुको महिषसुमर्दिनी श्री ७ रणउजीरेश्वरी भगवतीको मूर्ति स्थापना गरेका थिए । सो मन्दिरमा पूजाहारीको रुपमा ललितपुर महानगरे जयश्री मित्र संस्कारित मयुरवर्ण विहारका गौतम गोत्रका चन्द्रमणी गुभाजुलाई ल्याइएको थियो । तानसेन नयाँ प्रशासकिय केन्द्रको रुपमा स्थापित भएपछि पाल्पा सामाकोटमा भएको टक्सारलाई तानसेनमा सारिएको थियो । तानसेन टक्सारमा टकमरीको काम शुरु भएपछि पाटन (ललितपुर) बाट खास गरी शाक्य र व्रजाचार्यहरु कालिगढको रुपमा तानसेन आएका थिए । तिनीहरुमा कोही काठमाडौं उपत्यकाबाट सिधै पाल्पा आएका थिए भने कोही नुवाकोट, गोर्खा, बाग्लुङ्ग हुँदै पाल्पा आएका थिए । काठमाण्डौ पाटन नाग बहाल क्वालुख्वाबाट मणिराज, तेजमुनि, चन्द्रमुनि पाल्पा आएका थिए । साथै पाटन बडिगाउँ (बडिगामी) बाट रत्नमनि ब्रजाचार्य तानसेन आएका थिए । यी कारीगढहरु लगायत धातुको काम गर्ने 'थँ बमि', वास्तुका ढुङ्गाको काम गर्ने 'ल्हव : कमि', डकर्मी, माटोको काम गर्ने 'दँ :कमि', काठको काम गर्ने 'सिँ : कमि', सुवर्णकार, सुनको काम गर्ने 'लुँ : कमि', मास, चुना आदि मिलाएर सुर्की बनाई लेप लगाउने काम गर्ने 'बज्र : कमि' हरुको पनि तानसेन आएका थिए । तिनीहरुका सन्तान दर सन्तानहरु तानसेनको टक्सार टोलमा यी पाटनेलीहरुको संख्या उल्लेख्य रहेको छ । धातुकलामा पारङ्गत यी कारीगढहरुले टकमरी कामको साथै तामा, पीतल, काँस, ढलोट आदिका सामाग्रीहरु पनि बनाउने गर्दथे । पाटनबाट तानसेन आउँदा यिनीहरु मात्र आएनन्, आफूसँग आ्नो मौलिक संस्कृति, संस्कार र रीति-रिवाजलाई पनि सँगै लिएर आएका थिए । त्यस मतगा (दीप यात्रा) पनि एक हो । तानसेनमा हिन्दु नेवारहरुले मनाउने गाईजात्रा (सापारु)ले जीवनको सफलता इन्द्रिय दमनमा निर्भर रहेको मान्यता बोकेको छ भने मतगा (दीप यात्रा)ले ज्ञानदीपको प्रज्ज्वलनलाई जस्वनको सफलताको आधारको रुपमा लिएको छ । यसरी हिन्दु एवम् बौद्धहरुमा प्रचलित यी चाडपर्व मतया (दीप यात्रा) र दोस्रो गाईजात्रा (सापारु)पुरकको रुपमा लिने गरिन्छ । किन भने ज्ञान बिना मानिसमा इन्द्रिय दमन हुनु सम्भव छैन्, अनि इन्द्रियको दमन नभई मानिसको जीवन सफल हुन् सक्दैन । मतमा (दीप यात्रा) सामाजिक पहिचान हो, जसको पृष्टभागमा धर्म जोडिएको छ । यस मतया (दीप यात्रा)ले समाजलाई सामाजिक र व्यक्तिगत रुपमा बाँध्ने काम गरेको हुन्छ । तानसेन मनाइने मतया (दीप यात्रा) पाटनमा मनाइने मतया (दीप यात्रा) भन्दा डिफरेन्ट मात्र होइन ईन डिफरेन्ट पनि रहेको छ । यसको उदाहरण पाटनमा मतया (दीप यात्रा) मा जाँदा मिठाई लिएर जाने गर्दछन् तर तानसेनमा मतया (दीप यात्रा) मा जाँदा कृषि उत्पादनको यस्तो नक्कासी लिएर जाने गर्दछन् कि दर्शकहरुले सक्कली र नक्कलीमा भेद पाउन सक्दैनन् ।

***साभार : शितलपाटी डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिंङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आँटेको कार्य अघि बढ्नेछ । पारिवारिक सहयोग र सद्भाव बढ्नेछ। | **तुला** : शुभ समाचार सुन्न पाइनेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ । |
| **वृष** : धर्म कर्म र सामाजिक कार्यमा मन जानेछ । साहित्यिक क्षेत्रमा रूचि बढ्नेछ। | **वृश्चिक** : साथीसँगको भेटघाटले मन प्रफुल्ल रहला । कार्यमा मन जानेछ । |
| **मिथुन** : सहयोगी हातहरू अघि बढ्नेछन्। अरुको प्रगतिमा मन रमाउनेछ। | **धनु** : यात्रा गर्दा विशेष ध्यान दिनुहोला। विश्वास गरेकै हरुबाट धोका हुनसक्छ। |
| **कर्कट** : व्यापार व्यवसाय सामान्य होला। पुनर्मिलनको योग पनि रहेको छ । | **मकर** : जोशजाँगर र हिम्मत बढ्ला । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । |
| **सिंह** : वचन दिने बानीले अप्ठ्यारो पर्न सक्छ । मानसिक चिन्ता बढ्नेछ । | **कुम्भ** : मनोरञ्जन पूर्ण दिन रहनेछ। यात्राको अवसर छ । |
| **कन्या** : यात्राको अवसर आउन सक्छ । कामले अरूको मन लोभ्याउन सकिनेछ । | **मीन** : सौन्दर्यतामा धन खर्च हुनेछ । शैक्षिक क्षेत्र कमजोर रहने देखिन्छ । |

## कला मनोरञ्जन

# किन जुधाइयो दीपक-दीपा र जितुको चलचित्र ?




अभिनेता जितु नेपालले आउँदो असोज २४ गते चलचित्र 'ज्वाइँ साब' रिलिज गरिनेमा आफ्नो कुनै भूमिका नरहेको बताएका छन् । आफू सिनेमाको कलाकार मात्र भएको उनले प्रस्ट पारेका छन् ।

जितुले यसो भने पनि धेरैजना यो स्वीकार गर्न तयार छैनन् । व्यक्तिगत 'इगो'का कारण धेरैले जितुको चलचित्र 'ज्वाइँ साब' 'छक्का पञ्जा'सँग जुध्न आएको बताइरहेका छन् ।

'म यो चलचित्रको कलाकार मात्र हो । पारिश्रमिक लिएर काम गरेको मात्र हुँ,' जितुले बाह्रखरीसँग भने, 'सिनेमाको रिलिज डेटमा कलाकारको कुनै भूमिका हुँदैन । यो सिनेमा रिलिजमा पनि मेरो हात छैन ।' निर्माण टिमबाहिर जसले जसरी बुझे पनि 'ज्वाइँ साब'को रिलिज डेटमा निर्माता र निर्देशकको भूमिका रहेको उनको भनाइ छ । 'बाहिरबाट देख्दा पहिला सँगै एउटै टिममा काम गरेका तर पछि छुट्टाछुट्टै काम गरेपछि सिनेमा जुधाउन ल्यायो भन्ने परेको छ,' जितु भन्छन्, 'तर, बुझ्नेलाई थाहा हुन्छ - रिलिजमा कलाकार होइन, निर्माता र निर्देशकको मात्र हात हुन्छ ।'

'ज्वाइँ साब'को रिलिज डेटमा विशेष गरी निर्माताको भूमिका रहेको उनी बताउँछन् । 'सुरुमा तिहारमा आउने तयारी थियो । त्यो समय पनि अरू चलचित्र छन् । त्यसपछि जाँदा फागुनमा पुग्नुपर्छ,' उनी भन्छन्, 'फागुनमा पुग्दा पनि सोलो रिलिज नपाउने भएपछि किन फागुनसम्म कुर्ने, बिदाको मौकामा दसैँमा आउने भन्ने निर्माताको कुरा रह्यो ।' दसैँमा 'छक्का पञ्जा-५' आए पनि लामो बिदा हुँदा योबाहेक अरू चलचित्र हेर्न चाहनेका निम्ति 'ज्वाइँ साब' हुने सोचेर निर्माताले असोज २४ लाई रिलिज मिति रोजेको जितु सुनाउँछन् । 'साथीहरूको चलचित्र आउँदै छ, 'छक्का पञ्जा'को आफ्नै ठूलो ब्रान्ड छ, त्यसैले सँगै नआऊँ भनेको हुँ । तर, निर्माताले लामो बिदा हुन्छ, 'छक्का पञ्जा'बाहेकका सिनेमा हेर्नेलाई हाम्रो चलचित्र हुन्छ भने,' जितु भन्छन्, 'सोलो रिलिज नहुने भएपछि लगानी उठे अहिल्यै उठ्छ, नउठे पनि ठिकै छ, तर फागुनसम्म कुर्दिनँ भन्ने कुरा भयो ।'

दीपाश्री निरौलाले निर्देशन गरेको चलचित्र 'छक्का पञ्जा-५' र जितुको 'ज्वाइँ साब' असोज २४ गते एकैदिन रिलिज गरिँदै छ । 'छक्का पञ्जा-५' मा दीपकराज गिरी, केदार घिमिरेलगायत कलाकार मुख्य भूमिकामा छन् । उनीहरू 'छक्का पञ्जा-३' सम्म जितुका सहकर्मी हुन् । 'छक्का पञ्जा-३' सम्म जितुले पनि सँगै काम गरेका थिए । 'ज्वाइँ साब'मा जितु मुख्य भूमिकामा छन् । लामो समय सँगै काम गरेका सहकर्मीका चलचित्र किन एकैदिन ल्याउन लागियो, कतै व्यक्तिगत 'इगो' त मुख्य कारण होइन ? भन्ने प्रश्नमा जितु भन्छन्, 'हामीले रिलिज डेट घोषणा गर्दा 'छक्का पञ्जा-५' मात्रै थियो । '१२ गाउँ' पछि आएको हो । दुईवटा चलचित्र आउनु त सामान्य पनि हो । '१२ गाउँ' आएपछि तीनवटा भए र यसले थप चर्चा पाएको हो ।'

हल र स्क्रिनको संख्या धेरै रहेकाले एकैसाथ दुई चलचित्र रिलिज गरिँदा बक्सअफिसमा ठूलो असर नपर्ने स्वयं हल सञ्चालक नै बताउँछन् । चलचित्रको रिलिजमा कलाकारको कुनै भूमिका हुँदैन भन्ने धेरैलाई बुझाउन बाँकी रहेकामा जितु जोड दिन्छन् । गलत बुझाइको मारमा आफू परेको उनको गुनासो छ ।

**सँगै नआउने सम्भावना छ ?**

'ज्वाइँ साब'ले रिलिज डेट लिएकै दिन 'छक्का पञ्जा-५' का कार्यकारी निर्माता समेत रहेका कलाकार केदार घिमिरे (माग्ने बुढा)ले फेसबुकमा लेखे, 'हास्यकलाकारहरूका बीचमा यस्तो कन्फ्लिक्ट अहिलेसम्म कहिल्यै भएको छैन । यो पनि वार्ता र संवादको माध्यमबाट हल हुनेछ ।'

हास्यकलाकारबीच द्वन्द्व नरहेको भन्दै केदारले लेखेको उक्त स्टाटसले संवादमार्फत यी दुई चलचित्र छुट्टाछुट्टै समयमा ल्याइने संकेत गरेको थियो । तर, उनले त्यो स्टाटस लेखेको केही समयमै डिलिट गरे । जितु नेपालले पनि अब 'ज्वाइँ साब'को रिलिज मिति परिवर्तन नहुने पक्का भएको बताएका छन् । 'अब रिलिज मिति परिवर्तन हुँदैन । यति धेरै प्रचारप्रसार भइसक्यो, अब रिलिज मिति परिवर्तन हुने सम्भावना छैन,' उनी भन्छन्, 'प्रदर्शन मिति पछाडि वा अगाडि सार्ने मनस्थितिमा निर्माता हुनु हुन्न । त्यसैले अब असोज २४ मा नै हाम्रो चलचित्र पनि आउँछ ।'

जितुको भनाइ र 'वार्ता र संवादमार्फत हल खोजिनेछ' भन्ने केदारले आफ्नो 'स्टेटमेन्ट' मेटाउनुले 'छक्का पञ्जा' टिम अरूलाई प्रदर्शन मिति परिवर्तन गराउन धेरै जबरजस्ती नगर्ने मनस्थितिमा रहेको बुझिन्छ । त्यसैले यी दुई चलचित्र बक्सअफिसमा एकले अर्कोको सामना गर्ने निश्चितजस्तै छ । यद्यपि, अन्तिम समयमा रिलिज डेट सारिएका चलचित्र धेरै छन् । दसैँलक्षित प्रदर्शन मिति लिएर सारिएका उदाहरण पनि प्रशस्तै छन् ।

**अलग हुनुको कारण**

जितु नेपालले सञ्चालन गर्दै आएको टेलिभिजन शो 'मुन्द्रेको कमेडी क्लब'को अध्यक्षबाट दीपाश्री निरौलालाई हटाएयता उनी दीपक-दीपाको टिममा छैनन् । ०७७ सालमा 'मुन्द्रेको कमेडी क्लब'को अध्यक्षबाट दीपाश्रीलाई हटाएर नायिका करिष्मा मानन्धरलाई ल्याइएको थियो । त्यसयता जितु दीपक-दीपासँग चलचित्रमा सहकार्यबाट वञ्चित हुँदै आएका छन् । यो विषयमा त्यति बेला दीपकराज गिरीले 'सँगै एउटै टिममा काम गरिरहेको व्यक्तिलाई हठात् हटाउनुभन्दा सल्लाह नै गरेको भए राम्रो हुन्थ्यो' भनेका थिए । त्यसले मन केही कुँडिएको उनको भनाइ थियो । आफूहरूले टिममा हरेक काममा सल्लाह गर्ने गरेको तर 'मुन्द्रेको कमेडी क्लब'को अध्यक्ष परिवर्तन गर्दा केही घण्टाअगाडि मात्र खबर गरिएकाले असहज महसुस भएको दीपकले बताएका थिए । जितुले पनि यस विषयमा आफूबाट अन्जानमा केही कमजोरी भएको स्वीकार गरेका थिए । टिमसँग सल्लाह नगर्नु आफ्नो गल्ती भएको उनले बताएका थिए । तर, त्यो कार्यक्रम स्पोन्सर गरेको एडभरटाइजिङ एजेन्सीको निर्णय भएको जितुको स्पष्टीकरण थियो । यद्यपि, उनले आफूबाट कमजोरी भएको भन्दै नैतिक जिम्मेवारी लिएका थिए । हतारमा कमजोरी भएको स्वीकार गरेका गरेका थिए । त्यसपछि निर्मित चलचित्र 'छक्का पञ्जा-४' मा यही कारण जितुले खेल्न नपाएको धेरैले बताए । दीपकराज गिरीले भने सबै चलचित्रमा सम्पूर्ण कलाकार नहुने प्रतिक्रिया दिएका थिए । कथाअनुसार जितु 'छक्का पञ्जा'मा हुन र नहुन पनि सक्ने उनले बताएका थिए । तर, त्यसयता दीपक-दीपाले उनीहरूका चलचित्रमा जितुलाई लिएका छैनन् । कुनै पनि चलचित्रमा सँगै काम गरेका छैनन् ।

**पानी बाराबारको अवस्था हो ?**

सँगै काम नगरे पनि उनीहरूबीच पानी बाराबारको अवस्था छैन । उनीहरू सार्वजनिक कार्यक्रममा सँगै देखिन्छन् । एकले अर्कालाई उनीहरूका चलचित्र हेरेर शुभकामना पनि दिन्छन् । सँगै काम भने गरेका छैनन् ।

'हामी सँगै हिँड्छौँ, विभिन्न विषयमा कुरा हुन्छ । म दीपकजीको घरमै पनि पुगेको छु । अरूअरू विषयमा कुरा हुन्छ । चलचित्रका विषयमा भने कुरा हुँदैन,' जितुले केही समयअगाडि भनेका थिए, 'म पनि चलचित्रका बारेमा कुरा गर्दिनँ, उहाँहरूले पनि गर्नु हुन्न ।' दीपकराज गिरी, दीपाश्री निरौला, जितु नेपाल र केदार घिमिरेले चलचित्र 'वडा नम्बर-६' र '६ एकान ६' देखि नै सहकार्य गर्दै आएका थिए । तर, एउटै घटनाले उनीहरूबीचको सहकार्य टुटाइदियो । 'मुन्द्रेको कमेडी क्लब' प्रकरण त्यसको कारक थियो ।

*-बाह्रखरी डटकम*

# 'कंगारु'मा स्वस्तिमा अनुबन्धित, दशैंपछि छायांकन



फिल्म 'कंगारु'को शीर्ष अभिनेत्रीमा स्वस्तिमा खड्का अनुबन्धित भएकी छन् । सोमबार निर्मातासँग उनले लिखित समझदारी गरेकी छन् ।

सम्राट बस्नेतले निर्देशन गर्ने यो फिल्ममा यसअघि केदार घिमिरे, जितु नेपाल र अर्पण थापा अनुबन्धित भैसकेका छन् । गण्डकी प्रदेशका मन्त्री समेत रहेका राजिव गुरुङ 'दीपक मनाङे'को प्रस्तुति रहने फिल्ममा स्वस्तिमासँगै कलाकारको लाइनअप बलियो बनेको छ ।

फिलममा अनुबन्धित भैसकेपछि आफू उत्साहित भएको खड्काले बताइन् । यसअघि 'लाखे' निर्देशन गरेका बस्नेतले यो फिल्मलाई सस्पेन्स, थ्रीलर र कमेडी जनरामा निर्माण गर्न लागिएको बताए । दशैंपछि यो फिल्मको छायांकन अष्ट्रेलियाको सिड्नी, न्यूकासल, क्यानबेरा लगायतका थलोमा गर्ने तयारी छ । दर्शकले नयाँ कथा देख्न पाउने निर्देशक बस्नेतले बताए । 'स्क्रिप्टमा मात्र दुई वर्ष समय लगाइयो, केही फरक कथा भन्न मन लागेको छ, कंगारुका लागि हामीले घोषणा गरेर पनि समय लगाएका छौं ।

यसपटक दर्शकले फरक स्वाद र फरक कथा हेर्न पाउनुहुनेछ,' उनले भने । यो फिल्म फुलमुन मोसन पिक्चर्स र उत्तरगया म्युजिक एन्ड फिल्मसँग एसजिटी प्रोडक्सन प्रालिसँगको सहकार्यमा निर्माण हुन लागेको हो । फिल्ममा प्रेम थापा, धनबहादुर गुरुङ र मनोज भण्डारी निर्माताको रुपमा हुनेछन् ।

सहनिर्मातामा अन्जन दुरा र लक्ष्मी राई हुनेछन् । कार्यकारी निर्माता टीका भण्डारी हुन् । फिल्ममा सीमा गुरुङको कथा छ । छाँयाकार सुशन प्रजापति हुन् ।

*-आनलाइनखबर डटकम*

# भदौ १४ देखि आउँदै 'कमेडी दरबार'



टेलिभिजन कमेडी शो 'कमेडी दरबार' यही भदौ दोस्रो सातादेखि प्रसारणमा आउने भएको छ ।

केही महिना अघिदेखि तयारी थालिएको शो भदौ १४ गते शुक्रबारदेखि प्रिमियर हुने भएको निर्देशक बिक्की अगरवालले जानकारी दिए । बिक्की र श्रद्धा प्रसाईंको निर्देशन रहने शो प्रत्येक शुक्रबार राती ९ बजे प्राइम टेलिभिजन र ओएसआर रियालिटी युट्युबमा स्ट्रिमिङ हुनेछ । पहिलो एपिसोडको प्रोमो समेत युट्युबमा सार्वजनिक भइसकेको छ । यो एपिसोडमा अभिनेता दयाहाङ राई र अभिनेत्री रेखा थापा अतिथिका रूपमा छन् । शोमा अभिनेत्री गौरी मल्ल, अभिनेता विजय बराल, गायक सिडी विजय अधिकारी, अभिनेत्री नम्रता सापकोटा, मोडल पवित्रा साँकी (मिस पबि), कमेडियनहरू सुन्दर खनाल, हिमेश पन्त, पवन खतिवडा, उत्सव सापकोटा, विकास अर्याल र भिजे सुजिता श्रेष्ठ देखिँदैछन् । होस्टका रूपमा पूर्व मिस नेपाल नम्रता श्रेष्ठ छिन् । 'हाँसोको बेग्लै अवतार' भनिएको 'कमेडी दरबार' पारिवारिक कमेडी शो हुने बिक्कीले बताएका छन् । उनी आफू भने यो शोमा देखिने छैनन् । कमेडियन र नन कमेडियनहरूलाई लिएर आइरहेका भन्दा फरक फर्म्याटमा आउन लागेको 'कमेडी दरबार'लाई दर्शकले रूचाउने टिमको विश्वास छ ।

*-सेतोपाटी डटकम*

# 'सतीदेवी' अहिलेसम्मकै राम्रो फिल्म : निर्देशक सुवेदी

कला पत्रकारिता हुँदै फिल्म निर्देशनमा होमिएका लक्ष्मण सुवेदीले पहिलो फिल्मदेखि नै फरक-फरक कथा भन्दै आइरहेका छन् । पहिलो फिल्म 'एउटा साथी' प्रेमकथामा र दोस्रो फिल्म 'लालजोडी' कमेडी कथामा बनाएका उनले यही भदौ ७ गतेदेखि प्रदर्शनमा आउन लागेको तेस्रो फिल्म 'सतीदेवी'मा सामाजिक कथा उठाएका छन् । फिल्मले छोरीप्रति गरिने लैङ्गिक विभेदको कथा बोल्छ ।

लक्ष्मणलाई फिल्मले उठाएको कथा विश्वकै हो भन्ने लाग्छ । र, फिल्मले महिला सशक्तिकरणमा ठूलो भूमिका खेल्ने उनको विश्वास छ । 'छोरीहरुमाथि गरिने विभेद नेपालको मात्र होइन, विश्वकै समस्या हो,' निर्देशक सुवेदी भन्छन्, 'धेरै छोरी हुँदा छोरा भए हुन्थ्यो भन्ने मानसिकता र बुबा-आमामा पनि देखिने एक्खालको हीनताबोधलाई मैले एकदमै नजिकबाट नियालेर 'सतीदेवी' बनाएको हुँ ।' फिल्मलाई ग्रामीण परिवेशमा बनाएको भए पनि जुनसुकै देशमा संवाद 'म्यूट' गरेर देखाउँदा पनि बुझिने लक्ष्मणको दाबी छ । उनी 'सतीदेवी'लाई अहिलेसम्मकै राम्रो फिल्म मान्छन् । 'म स्क्रिप्ट लेख्दा नै धेरैपटक रोएको थिएँ । म दाबी गरेर भन्न सक्छु, अहिलेसम्म रिलिज भएका नेपाली फिल्ममध्ये 'सतीदेवी' सबैभन्दा राम्रो बनेको छ । यो मैले फिल्म चलाउनका लागि भनेको होइन,' उनले भने । लक्ष्मण आफूलाई 'कन्टेन्ट'मा फिल्म बनाउने निर्देशक मान्छन् । र, उनी 'कन्टेन्ट'ले मागेको कलाकार मात्र फिल्ममा लिन चाहन्छन् ।

कलाकारले मागेको 'कन्टेन्ट'मा उनलाई फिल्मै बनाउनु छैन । न त उनी 'स्टार'कै पछि दौडिएका छन् । 'सतीदेवी'मा पनि 'स्टार' छैनन् । बरु उनी फिल्मका कलाकारलाई 'चन्द्रमा'को संज्ञा दिन्छन् । 'स्टार' भन्दा 'चन्द्रमा'कै महत्त्व बढी हुन्छ भन्ने उनलाई लाग्छ ।

'सतीदेवी'को रिलिज नजिकिँदै गर्दा निर्देशक सुवेदीलाई डर भने छैन । फिल्म राम्रो बनेकाले सफल हुनेमा उनी विश्वस्त देखिन्छन् । यो फिल्मलाई आफ्नो 'ज्यान-प्राण' मानेका उनले सिक्वेल पनि बन्न सक्ने संकेत गरेका छन् । 'दर्शकको राम्रो साथ मिल्यो भने दोस्रो श्रृंखला पनि सम्भव छ,' उनले भनेका छन् । 'सतीदेवी' प्रदर्शनपछि लक्ष्मण 'पार्वती' शीर्षकमा फिल्म बनाउने तयारीमा रहेका छन् ।

*-फिल्मीखबर डटकम*

**भवन निर्माणका लागि जग्गा खरिद सम्बन्धी सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८१/०५/०४**

**नेपाल रेडक्रस सोसाइटी पाल्पा जिल्ला शाखा अन्तर्गत ब्लड बैंक भवन निर्माणका लागि जग्गा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकाले ईच्छुक जग्गाधनीले बिक्री गर्ने जग्गाको लालपुर्जा, नागरिकताको प्रतिलिपि र नापी नक्शासहित आफूले बिक्री गर्ने मूल्य उल्लेख गरी दोस्रो पटक सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र शिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।**

**विस्तृत विवरण कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।**

**नेपाल रेडक्रस सोसाइटी**
**पाल्पा जिल्ला शाखा**

# लुम्बिनीका मुख्यमन्त्री आचार्यले पाए विश्वासको मत



**देउखुरी,** भदौ ४/लुम्बिनी प्रदेशका नवनियुक्त मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेश सभाबाट विश्वासको मत प्राप्त गरेका छन् । मंगलबार प्रदेशसभाको चौथो अधिवेशनको २५ औं बैठकमा आचार्यले मतका लागि राखेको प्रस्तावमा दुईतिहाइभन्दा बढी मत प्राप्त भएको हो ।

आचार्यले पेस गरेको प्रस्तावको पक्षमा ७० सांसदले मत दिएका छन् । उनको विपक्षमा ११ जनाले मतदान गरे । मुख्यमन्त्री आचार्यको विपक्षमा माओवादीका ९, नेकपा एकीकृत समाजवादी र राष्ट्रिय जनमोर्चाका १/१ गरी ११ जना सांसदले विपक्षमा मतदान गरे । प्रदेशसभामा उपसभामुख मेनुका खाँड केसीसहित ४ जना सांसद रहेको राप्रपा भने मतदानमा तटस्थ रह्यो । ८७ सदस्य रहेको प्रदेशसभामा सरकार गठनका लागि ४४ सांसद आवश्यक भए पनि काँग्रेसका २७ र एमालेका २९ गरी ५६ जना सांसदको समर्थनमा आचार्य लुम्बिनीको छैटौं मुख्यमन्त्री बनेका थिए । अहिले लुम्बिनीमा रहेका ११ दलमध्ये ७ दलका सांसदले आचार्यलाई विश्वासको मत दिएका छन् ।

स्वतन्त्र सांसद खड्ग बस्नेतले पनि आचार्यको पक्षमा मत दिएका थिए । साउन ७ गते लुम्बिनी प्रदेशसभामा दुई ठूला दल एमाले र काँग्रेसको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका थिए ।

**रेसुङ्गा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**तम्घास, गुल्मी**
**लुम्बिनी प्रदेश, नेपाल**

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०८१/०५/०५)**

यस रेसुङ्गा नगरपालिका कार्यालयको लागि तपसिल बमोजिमका पदमा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र माग बमोजिमका विवरण र यस नगरपालिकाको राजश्व शाखामा राजश्व तिरेको रसिद सहित यस कार्यालयमा सम्बन्धित तहको लोकसेवा आयोगको ढाँचामा दरखास्त पेश गर्नुहुन सूचित गरिन्छ ।

तपसिल:

| क्र.सं. | विज्ञापन नं | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१/२०८१/०८२ | कृषि अधिकृत | छैटौं | १ | समपूरकतर्फको कृषि स्नातक करार कार्यक्रम अन्तर्गत |
| २ | ०२/२०८१/०८२ | जिल्ला कार्यक्रम संयोजक (सामिप) | छैटौं | १ | रेसुङ्गा नगरपालिका अन्तर्गत रही गुल्मी जिल्ला भित्रका स्थानीय तहमा कार्यक्रम अन्तर्गतका क्रियाकलापहरु सञ्चालनको लागि समन्वय तथा संयोजन गर्ने गरी |
| ३ | ०३/२०८१/०८२ | अ.न.मी. | सहायक चौथो | १ | रातामाटा सहरी स्वास्थ्य सेवा केन्द्र, वडा नं. १४ का लागि |
| ४ | ०४/२०८१/०८२ | नगर प्रहरी जवान | | २ | नगर कार्यपालिकाको कार्यालय |

**१. शैक्षिक योग्यता:**

**(क) कृषि अधिकृत:** मान्यता प्राप्त शैक्षिक संस्थाबाट कृषि विज्ञान विषयमा कम्तिमा स्नातक तह वा सो सरह उत्तिर्ण गरेको।

**(ख) जिल्ला कार्यक्रम संयोजक (सामि परीयोजना):** मान्यताप्राप्त शिक्षण संस्थाबाट मानविकी तथा सामाजिक संकाय, व्यवस्थापन, कानुन वा सम्बन्धित अन्य विषयमा स्नातक तह उत्तीर्ण भएको, कार्यक्रम व्यवस्थापन तथा सञ्चालनमा ५ वर्षको अनुभव भएको, कम्तिमा २ वर्ष अधिकृत स्तरमा रही कार्यानुभव भएको ।

**(ग) अ.न.मी.:** लोकसेवा आयोगले तोके बमोजिम। साथै सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि।

**(घ) नगर प्रहरी जवान:** मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा कक्षा आठ वा सो सरह उत्तिर्ण गरेको।

२. **आवेदन दिने अन्तिम मिति:** २०८१/०५/१९ गतेसम्म कार्यालय समयभित्र । उक्त दिन सार्वजनिक विदा परेमा भोलिपल्ट कार्यालय समयभित्र।

**३. संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु:** व्यक्तिगत विवरण (Bio Data), नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी, कार्यअनुभवका प्रमाणपत्रहरुका प्रतिलिपिहरू, २ प्रति पासपोर्ट साईजको फोटो। जिल्ला कार्यक्रम संयोजक (सामि परीयोजना) पदको हकमा कम्प्यूटर सम्बन्धी ज्ञानका साथै **MS Office (word, excel, PowerPoint, outlook, email, internet, Kobo tool etc.)**सहजरुपमा चलाउन सक्ने । नेपाली र अंग्रेजी दुवै भाषामा टाईप गर्न सक्ने क्षमता भएको।

**४. उमेर: पूरुष:** १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको। महिला : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको। नगर प्रहरी जवानको हकमा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको।नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल वा भारतीय सेनामा कम्तिमा १२ वर्ष सेवा गरी अवकास भएको व्यक्तिको हकमा उमेरको हद ४० वर्ष ननाघेको।

**५. आवेदन दस्तुर:** कृषि अधिकृत र जिल्ला कार्यक्रम संयोजकको हकमा रू. २०००, अ.न.मी. र नगर प्रहरी जवानको हकमा रु. १०००

**६. दरखास्त दिने स्थान:** रेसुङ्गा नगरपालिका नगर कार्यपालिकाको कार्यालय तम्घास, गुल्मी ।

**७. तलव भत्ता:** करार सम्झौता बमोजिम।

**८. छनौटको तरिका:** प्रारम्भिक योग्यताक्रमको सूची, लिखित, कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्ता। नगर प्रहरी जवानको हकमा विशेष शारीरिक परीक्षण, लिखित परीक्षा, विशेष स्वास्थ्य परीक्षण र अन्तर्वार्ता ।

**नोट: जिल्ला कार्यक्रम संयोजक (सामि परीयोजना) पदको हकमा कम्प्यूटर सम्बन्धी ज्ञानका साथै :** **Ms Office (word, excel, PowerPoint, outlook, email, internet, Kobo tool etc.)** **सहजरुपमा चलाउन सक्ने** । नेपाली र अंग्रेजी दुवै भाषामा टाईप गर्न सक्ने क्षमता भएको ।

९. स्थानीय तहमा कार्य गरेका अनुभवी उम्मेदवारलाई प्राथमिकता दिइनेछ। नगर प्रहरी जवानको हकमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल वा भारतीय सेनामा कार्य गरेको अनुभवीलाई प्राथमिकता दिईनेछ।

१०. थप सम्पर्कका लागि: सुरेश खनाल, सूचना प्रविधि अधिकृत (**९८४७११९२४७**)

**प्रमुख प्रशासकीय अधिकृत**

**खेलकुद समाचार**

## दीपेन्द्रसिंह ऐरीसहितका खेलाडीको कीर्तिमान



**काठमाडौं,** भदौ ४/सामोआका विकेटकीपर ब्याटर डेरियस विस्सरले पुरुषको टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा एक ओभरमा सबैभन्दा धेरै बनाउने कीर्तिमान बनाएका छन् ।

आईसीसी पुरुष टी-२० विश्वकप पूर्वी एशिया-प्रशान्त क्षेत्र छनोटअन्तर्गत भानुआतुसँगको खेलमा सामोआका विस्सरले एक ओभरमा ३९ रन बनाएर नयाँ विश्व कीर्तिमान बनाएका हुन् । खेलको १५ औँ ओभरमा उनले भानुआतुका नलिन निपिको बलमा ६ वटा छक्कासहित अतिरिक्त रनको मद्दतमा ३९ रन जोडेका हुन् । पुरुष टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा ६ बलमा लगातार ६ वटा छक्का प्रहार गर्ने कीर्तिमान यसअघि नै बनिसकेको थियो तर एकै ओभरमा ३९ रन अहिलेसम्मकै धेरै हो । यसअघि पाँच पटक टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा कुनै टिमले एकै ओभरमा ३६ रन बनाएको थियो । सन् २००७ मा भारतका युवराज सिंहले इङ्गल्यान्डका स्टुअर्ट बोर्डलाई एक ओभरमा ६ वटा छक्का प्रहार गर्ने पहिलो ब्याटर बनेका थिए । त्यसपछि सन् २०२१ मा वेस्ट इन्डिजका कायरन पोलाडले श्रीलङ्काका अकिल धनन्जयलाई एक ओभरमा ६ वटा छक्का प्रहार गरेका थिए । यस्तै सन् २०२४ मा नेपालका दीपेन्द्रसिंह ऐरीले कतारका कमरन खानलाई एक ओभरमा ६ वटा छक्का प्रहार गरेका थिए । यस्तै एकै ओभरमा ६ वटा छक्का प्रहार नभए पनि सन् २०२४ को टी-२० विश्वकपमा अफगानिस्तानसँगको खेलमा वेस्ट इन्डिजका निकोलस पूरन तथा सन् २०२४ मै अफगानिस्तानसँगको खेलमा भारतका रोहित शर्मा र रिंकु सिंहले मिलेर एकै ओभरमा ३६ रन जोडेका थिए । यसैगरी सामोआका डेरियस विस्सर टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा शतक बनाउने देशको पहिलो ब्याटर बनेका छन् । यस्तै मंगलबारको खेलमा सामोआले १ सय ७४ रन बनाएकोमा उनी एक्लैले १ सय ३२ रन जोडे, यो टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा टिमको रनको तुलनामा ब्याटरले बनाएको रनको उच्चतम प्रतिशत हो । यो खेलमा सामोआ १० रनले विजयी भएको थियो ।

**वर्गिकृत डिस्प्ले**
*१ X ५ साइजमा मात्र*
**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**
**सम्पर्क: ०७५-५२०६०१**

**अर्थ/कर्पोरेट समाचार**

## नेपालबाट भारतले थप २ सय ५१ मेगावाट बिजुली किन्ने



**पाल्पा,** भदौ ४/भारतले नेपालबाट थप बिजुली खरिद गर्ने भएको छ । उसले नेपालका १२ जलविद्युत परियोजनाहरूबाट थप २ सय ५१ मेगावाट विद्युत निर्यातका लागि स्वीकृत दिएसँगै विजुली खरिदका लागि बाटो खुलेको हो ।

नेपालस्थित भारतीय दूतावासले सोमबार विज्ञप्ती जारी गर्दै नेपालका १२ जलविद्युत परियोजनाबााट थप २ सय ५१ मेगावाट विद्युत निर्यातका लागि भारत सरकारले स्वीकृति दिएकोबारे जानकारी गराएको छ । भारतको विद्युत् मन्त्रालयअन्तर्गतको केन्द्रीय विद्युत् प्राधिकरणले हरियाणा राज्यलाई थप १ सय २५ दशमलव ८९ मेगावाट र बिहारलाई १ सय २५ दशमलव ००४ मेगावाट मध्यकालीन सम्झौता बमोजिम निर्यात गर्न नेपाल विद्युत् प्राधिकरणलाई स्वीकृति दिएको हो । अन्तरदेशीय व्यापारका लागि भारतले नेपालबाट विजुली खरिद गर्दै आएको छ । थप विद्युत निर्यातसँगै भारतबाट स्वीकृति पाएको विद्युतको परिमाण २८ जलविद्युत आयोजनाबाट ९ सय ४१ मेगावाट पुगेको छ । यसअघिको स्वीकृत परिमाण ६ सय ९० मेगावाट थियो, जुन १६ जलविद्युत आयोजनाबाट लिइएको थियो । गत आर्थिक वर्षमा १६ अर्ब ९३ करोड रुपैयाँ बराबरको विद्युत बिक्री गरी नेपाल खुद विद्युत निर्यातकर्ता र खुद राजस्व उत्पादनकर्ता बनिसकेको छ । नेपालले प्रति युनिट ८ रुपैयाँ ७२ पैसामा भारतलाई बिजुली बेच्ने छ । नेपाल विद्युत् प्राधिकरणले देशभित्र खपत गरी बचत भएको वर्षायामको विद्युत् भारततर्फ निर्यात गर्दै आएको छ । २०७८ साल कार्तिकमा पहिलो पटक नेपालबाट भारततर्फ ३९ मेगावाट विद्युत निर्यातका लागि अनुमति दिएको थियो । तीन वर्षभन्दा कम अवधिमा यो आँकडा २४ गुणाभन्दा बढीले बढेको हो ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई